नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७८/०७९
चलानी नं.:- ४६७

मितिः- २०७९/०१/११

श्री स्थानीय तह (सबै) ।

विषयः- परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य बीमा बोर्डको च.नं. ११४२ मिति २०७९/०१/०९ को परिपत्र गरिदिने सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोही अनुसार हुन आदेशानुसार अनुरोध छ।

नमराज वाग्ले
शाखा अधिकृत

<u>बोधार्थः</u>
श्री स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः-Websiteमा Upload गरिदिनुहुन।

नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

टेकु, काठमाडौं

पत्र संख्या: २०७८/०७९
च.न. ११४२

मिति २०७९।०१।०९

**विषय : परिपत्र गरिदिने बारे।**

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाडौं ।

प्रस्तुत सम्बन्धमा , यस स्वास्थ्य वीमा वोर्डको मिति २०७९-०१-०९ गतेको निर्णयानुसार “विपन्न कार्यक्रम अर्न्तगत दिइदै आएको कडा रोगहरुको उपचार खर्च स्वास्थ्य वीमामा आवद्द गर्ने २०७८ कार्यविधि” अनुसार अनुसुचि ३ दफा ४ को उपदफा २ खण्ड ग वमोजिम गठित सिफारिस समिति स्थानिय तहको प्रमुख जन-प्रतिनिधि रिक्त रहेको अवस्थामा , तपसिल वमोजिम सिफारिस समिति पुर्नगठन गरि विपन्न नागरिक औषधि उपचार सहुलियत प्राप्त गर्न अस्पताल लाई सिफारिस प्रदान गर्नका लागी सवै स्थानिय तहलाई परिपत्र गरिदिनु हुन अनुरोध गर्दछु ।

तपसिल

| | |
|---|---|
| १.सम्वन्धित स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| २. सम्वन्धित स्थानिय तहको सामाजिक शाखा प्रमुख | सदस्य |
| ३.सम्वन्धित स्थानिय तहको स्वास्थ्य शाखा प्रमुख | सदस्य–सचिव |

डा. दामोदर बसौला
(कार्यकारी निर्देशक)

डा. दामोदर वसौला
कार्यकारी निर्देशक

**बोधार्थ:**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौ ।

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ०१-४१००२२४
दर्ता नं.:- ४८६१
दर्ता मिति:- १/११

स्थानीय तहको website मा राख्ने

“तपाईको स्वास्थ्य हाम्रो अठोट”

नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड
## टेकु,काठमाण्डौ

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाडौं २०७४

मिति : २०७९।०१।०१

**विषय :-** सिफारिस समिति पुर्न गठन गर्ने सम्बन्धमा ।

(टिप्पणी र आदेश)

श्रीमान्,

विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका , २०७५(दोस्रो संशोधन ,२०७७) बमोजिम नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखाबाट सञ्चालन हुदै आएको विपन्नका लागि उपचार कार्यक्रम २०७८।०७।३० मा स्वीकृत ( मा.मन्त्री स्तर) भएको "विपन्न कार्यक्रम अन्तर्गत दिईदै आएका कडा रोगहरुको उपचार खर्च स्वास्थ्य बीमामा आवद्ध गर्ने २०७८ कार्यविधि" अनुसार स्वास्थ्य बीमा बोर्डबाट सञ्चालन गर्ने प्रावधान अनुसार यही २०७९।०१।०१ देखि यस स्वास्थ्य बीमा बोर्डबाट सञ्चालन हुदै आएको व्यहोरा अनुरोध छ। "विपन्न कार्यक्रम अन्तर्गत दिईदै आएका कडा रोगहरुको उपचार खर्च स्वास्थ्य बीमामा आवद्ध गर्ने २०७८ कार्यविधि" मा स्थानिय तहले विपन्न नागरिक औषधि उपचार सहुलियत प्राप्त गर्न अस्पताल लाई सिफारिस गर्ने पत्र वारे २०७८ को अनुसुचि ३ दफा ४ को उपदफा २ खण्ड ग वमोजिम गठित सिफारिस समिति ,सम्वन्धित स्थानीय तहको अध्यक्ष /प्रमुखको संयोजकत्वमा स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत सदस्य र स्थानिय तहको स्वास्थ्य संयोजक सदस्य –सचिव रहि विपन्न नागरिक औषधि उपचार सहुलियत प्राप्त गर्न अस्पताल लाई सिफारिस गर्ने पत्र दिईदै आएकोमा , मिति को २०७८/१०/२४ गते मंगलबार को दिन वसेको मन्त्रिपरिषद बैठकको निर्णयानुसार २०७९/१/३० गते शुक्रवार का दिन स्थानिय तहको निर्वाचन घोषणा भए अनुसार स्थानिय तहका जन प्रतिनिधिहरुले पुन: निर्वाचनमा भाग लिग राजीनामा दिएकोले सो समिति पुर्नगठन गर्न आवश्यक देखिएकोले तपसिल वमोजिमको समिति रहने गरि निर्णयको लागि पेश गरेको छु ।

तपसिल

१.सम्वन्धित स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत संयोजक
२. सम्वन्धित स्थानिय तहको सामाजिक शाखा प्रमुख सदस्य
३.सम्वन्धित स्थानिय तहको स्वास्थ्य शाखा प्रमुख सदस्य–सचिव

रुपा के.सी
अस्पताल नर्सिङ्ग निरिक्षक

श्रीमान कार्यकारी निर्देशकज्यू

२०७९/१/५

पेश भए अनुसार निर्णय हुन मनासिव देखिन्छ।

२०७९/१/५

२०७९।०१।०६